आठराई त्रिवेणी गाँउपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हाङपाङ, ताप्लेजुङ
कोशी प्रदेश
नेपाल

अपाङ्गता सहायता सहजकर्ता पदमा लागि दरखास्त आह्वान गरिएको सूचना ।

प्रथम पटक प्रकाशित मितिः२०८१/०६/०९

यस आठराई त्रिवेणी गाउँपालिकामा अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यक पर्ने सम्पूर्ण सूचना तथा परामर्श सेवा प्रदान गर्नका लागि स्थापना गरिने अपाङ्गता सहायता कक्षका लागि प्रतिस्पर्धात्मक परिक्षाद्वारा करार सेवामा एक जना अपाङ्गता सहायता सहजकर्ताको पदपूर्ती गर्नुपर्ने भएकाले आवश्यक न्यूनतम योग्यता पुगेका इच्छुक योग्य नेपाली नागरिकहरुवाट दरखास्त आह्वान गरिएकोछ। यसका लागि तोकिएको दरखास्त फारममा भर्नुपर्ने सम्पूर्ण विवरणहरु भरी पासपोर्ट साईजको फोटो १ प्रति टाँस गरी सो का साथ आफ्नो नेपाली नागरिकता, अपाङ्गता परिचय-पत्र र दरखास्त दिने पदको लागि तोकिएको अन्तिम शैक्षिक योग्यताको प्रमाण-पत्रको ट्रान्सकृप्ट, चारित्रिक प्रमाण-पत्र, परिक्षा दस्तुर तिरेको बैंक भौचर/ राजस्व भौचरको अर्धकट्टी तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सो को साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निधार्रण गरेको प्रमाण-पत्र समेत संलग्न गरी यस आठराई त्रिवेणी गाउँपालिकाको कार्यालय समक्ष पेश गर्नुपर्ने छ। रित नपुगेको, तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता नभएको र तोकिएको परिक्षा दस्तुर नबुझाएका दरखास्त उपर कुनै कारवाही हुने छैन।साथै प्रचलित कानून बमोजिम अयोग्य ठहरिने उम्मेद्वारहरुको दरखास्त उपर कुनै कारवाही हुने छैन।

१. **विज्ञापन नं.** ०६/२०८१/८२
२. **पदः** अपाङ्गता सहायता सहजकर्ता (अपाङ्ग भएको व्यक्ति मात्रै)
३. **माग संख्याः** १
४. **सेवाको किसिमः** करार सेवा
५. **दरखास्त बुझाउने अन्तिम मितिः** २०८१/०६/२३ (विज्ञापन भएको मिति देखि १५ दिन भित्र)
६. **उम्मेद्वारको छनौट विधिः** प्रत्यक्ष मौखिक अन्तरवार्ता तथा अन्य विविध पक्षको मूल्याङ्कन
७. **दरखास्त फाराम प्राप्त गर्ने र बुझाउनुपर्ने स्थानः** यस आठराई त्रिवेणी गाउँपालिकाको कार्यालयबाट वा कार्यालयको आधिकारिक वेब साइटबाट उपलब्ध गराएको दरखास्त फाराम भरी कार्यालयमा बुझाउनु पर्ने।
८. **परीक्षा दस्तुरः** ४००।-
९. **परीक्षा दस्तुर बुझाउने प्रकृयाः** राष्ट्रिय वाणिज्य बैंक, हाङपाङ शाखाको खाता नं. २६७०१००३०१०१०००२ (आ.त्रि.गा.पा. ग-१-१ आन्तरिक राजश्व खातामा) Sutra बाट बुझाउनुपर्ने ।
१०. आन्तरिक राजस्व खातामा परिक्षा दस्तुर तिरेको भौचर फाराम साथ पेश गर्नुपर्नेछ।
११. **परिक्षा सञ्चालन हुने मिति, समय र स्थानः** दरखास्त फाराम भर्ने अन्तिम म्याद सकिएको दुई दिन भित्र टेलिफोन गरी जानकारी गराइनेछ। साथै यस आठराई त्रिवेणी गाउँपालिकाको सूचना पाटी र वेब साइटमा समेत प्रकाशित गरिनेछ।
१२. आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार सहजकर्ता छनौट तथा सिफारिस समितिमा निहित रहनेछ।



Scanned with OKEN Scanner

१३. **मासिक तलवः** करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

१४. **आवश्यक न्यूनतम योग्यता:**

क) नेपाली नागरिक।

ख) अपाङ्गता भएका व्यक्ति।

ग) मान्यता प्राप्त शिक्षण संस्थाबाट १२ कक्षा वा सो सरह उत्तिर्ण गरेको।

घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको।

ङ) अपाङ्गता सम्वन्धि काम गर्ने सरकारी तथा गैरसरकारी संघ संस्थामा काम गरेको अनुभव भएको, कम्प्युटर सम्बन्धि तालिम लिएको, वहिरा नागरिकको लागि सांकेतिक भाषा दोभासे तालिम प्राप्त गरेको, स्तानीय अपाङ्गता भएको महिलालाई विशेष प्राथमिकता दिइनेछ।

२०८१।०६।०९

भक्त बहादुर भट्टराई

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत



Scanned with OKEN Scanner